Website : besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

............. शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फयाक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७६/७७
च.नं. ११२१

मिति :२०७६/८/८

श्री सवै वडा कार्यालय
वेसीशहर, नगरपालिकाको कार्यालय
वेसीशहर, लमजुङ

**विषय : जानकारी गराईएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा कृषि ज्ञानकेन्द्र, लमजुवाट कार्यक्रमको लागी प्रस्ताव पेश गर्ने सम्वन्धीको सुचना यसै पत्र साथ संलग्न रहेको व्यहोरा जानकारी गराईन्छ । साथै सम्वन्धीत कृषि फर्म, कृषक तथा कृषि सहकारीहरुलाई पत्रचार गरिदिनु हुन अनुरोध गरिन्छ ।

२०७६।०८।०८

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, लमजुङ

प्रथम पटक प्रकाशित मिति २०७६/०८/०३

पत्र संख्या- अ.प.त.शा.२०७६/७७

चलानी नं.

बिषय- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पुराना पकेट/ब्लक संचालक समितिहरुलाई प्रस्ताव पेश गर्ने संवन्धी सूचना ।

यस केन्द्रको आ.व. २०७६/०७७को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम तर्फ लमजुङ र मनाङ जिल्ला भित्रका साबिकका जिल्ला कृषि बिकास कार्यालय तथा कृषि ज्ञान केन्द्र लमजुङमा दर्ता भई संचालन भएका पुराना पकेट र ब्लक संचालक समितिहरु (मस्य बाहेक) लाई कृषि कार्यक्रम संचालन गर्नको लागि यस बर्ष पनि अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा आफूले चाहेको कृषि कार्यक्रम संचालन गर्न यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न राखी रितपूर्वक निवेदन र प्रस्ताव पेश गर्नुहुन संवन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | पकेट/ब्लक | संख्या | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १. | पकेट | ११ | ५१.३६ | |
| २. | ब्लक | ४ | ९४.०० | |
| | | | | |

तपसिल

१. रु १० को टिकट सहितको निवेदन

२. पकेट/.ब्लक संचालक समिति दर्ताको प्रमाणपत्रको प्रतिलिपी । संचालक समितिको अवधि समाप्त भएको भए नयाँ संचालक समिति गठन गरी बिधिवत् रुपमा दर्ता भएको हुनुपर्नेछ ।.आ.व. २०७५/०७६ मा गठन भइ संचालन भएका संचालक समितिको हकमा उक्त व्यहोरा खोलिएको संवन्धीत स्थानीय तहको पत्र

३.. गत आ.व.हरुमा संचालन गरिएका कार्यक्रमहरु र संझौता पत्रहरु

४ .संचालक समितिको बैठकको निर्णय प्रतिलिपी

५. पकेट/ब्लक कार्यक्रम संचालन गरिने संवन्धित गा.पा./न.पा.को कृषि शाखा र संवन्धित वडाको सिफारिस पत्र

६. यस बर्ष संचालन गरिने कार्यक्रम ( क्रियाकलाप र वजेट सहित खुल्ने गरी )

७. संचालक समितिको PAN/VAT दर्ता प्रमाण पत्र

८. अन्य कुराहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ब्लक संचालन कार्यबिधि र प्रचलित ऐन,नियम बमोजिम हुनेछ

९. रितपूर्वक पेश हुन नआएको प्रस्ताव उपर कुनै कार्यवाही हुनेछैन

१०. यस संवन्धी थप जानकारी चाहिएमा कृषि ज्ञान केन्द्र लमजुङमा संपर्क राख्न सकिनेछ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**

# कृषि ज्ञान केन्द्र, लमजुङ्ग

**गण्डकी प्रदेश, नेपाल**

पत्र संख्या-
चलानी.नं.-

## कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७६/०८/०१

यस कृषि ज्ञान केन्द्र लमजुङको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राङ्गारिक कृषि प्रर्वद्धन मिसन कार्यक्रम अन्तरगत संचालन गरिने तपसिलका कार्यक्रमहरु संचालन गर्न लमजुङ र मनाङ जिल्ला भित्रका इच्छुक कृषक समूह, कृषि सहकारी, सामुदायिक,बिउ बैंक ब्यबस्थापन समिति, कृषि उद्यमी, फर्म, कम्पनी, होमस्टे सँचालक, होटल ब्यबसायीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र निवेदन र परियोजना प्रस्ताव भरि निवेदन सहित यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूंचना प्रकाशित गरिएको छ ।

| क.स. | कार्यक्रमको नाम | कार्यक्रमको विवरण | कार्यक्रम संख्या | कुल बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | रैथाने तथा स्थानीय वाली विकास कार्यक्रम | समूह,सहकारी एवम् सामुदायिक वीउ बैंक मार्फत प्रदर्शनी ब्लक ( Diversity Block) स्थापना | २ | २.० | - सबै कार्यक्रमको अनुदान प्रतिशत संघ तथा प्रदेश सरकारको कार्यविधि र नियमानुसार हुनेछ ।<br>- समूह/सहकारीका लागि खुला जमिनमा प्राङारिक उत्पादनको लागि ६० रोपनीमा गर्नु पर्नेछ ।<br>- एकल फर्मको लागि खुला जमिनमा प्राङारिक उत्पादनको लागि १० रोपनी खेती गर्नु पर्नेछ ।<br>- प्राङारिक खेती परिक्षण कार्यक्रम को लागि ६० रोपनी जमिन हुनु पर्नेछ ।<br>- प्लाष्टिक घर बिस्तार अनुदानको लागि १५०० बर्ग मिटरमा प्लाष्टिक घर बनाउनु पर्नेछ । |
| २. | | प्रशोधन गर्ने यन्त्र उपकरण र परिकार बिविधिकरणका लागि आबश्यक पर्ने ओभन लगायत का सामाग्रीहरुमा अनुदान | ८ | ४.० | |
| ३. | | रैथाने बालिका परिकार एवंअन्न वा पिठोको वजारीकरण गर्न चाहनेको लागि प्याकिङ तथा लेवलिङका सामाग्रीका लागी अनुदान | २ | २.० | |
| ४. | | रैथाने बालिका अर्गानिक बिक्री कक्ष sales counter स्थापना एंव आबश्यक सामाग्रीमा अनुदान सहयोग । | १ | ४.० | |
| ५. | | भर्मी बेड सहित गड्यौला खरिदमा अनुदान भर्मिकम्पोष्ट मल तयार गर्ने वा भकारो सुधार गरी सुधारिएको गोठेमल तयार गर्ने | ३० | ६.० | |
| ६. | | रैथाने तथा स्थानीय बालीको ब्यवसायिक उत्पादन गर्न प्राङ्गारिक मल (उत्पादन वा खरिदमा अनुदान ) कृषि यन्त्र र बिउ खरिदमा अनुदान सहयोग | २ | १२.० | |
| ७. | प्राङ्गारिक खेती कार्यक्रम | समूह वा सहकारीका लागि खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | २ | २०.३५ | |
| ८. | | एकल फर्मका लागी खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | ६ | १०.१८ | |
| ९. | | प्राङ्गारिक उत्पादनको लागि प्लास्टीक घर बिस्तार अनुदान | ६ | ३९.२२ | |
| १०. | | प्राङ्गारिक उत्पादनको लागि प्लास्टीक घर सुधार अनुदान | ६ | १६.४२ | |
| ११. | | प्राङ्गारिक खेती परिक्षण कार्यक्रम | २ | २०.३४ | |
| १२. | | On farm organic out lay निर्माण सहयोग | २ | १०.० | |

**प्रस्ताव पेश गर्नको लागि आवेदन दिन आवश्यक कागजातहरु**

१. रु १० को टिकट टाँस गरी तोकिएको ढाचामा निबेदन ।
२. कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, होटल ब्यवसायी,होम स्टे संचालकको हकमा संस्थाको दर्ता प्रमाणपत्र,भ्याट/प्यान दर्ता प्रमाण पत्र र पछिल्लो आ.ब. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु ।
३. कृषक समुह ,कृषि सहकारी र सामुदायिक बीउ बैकको हकमा दर्ता प्रमाण पत्र , बार्षिक अडिट रिपोर्ट र संस्था सचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
४ .कार्यक्रम संचालन हुने ठाउँको जग्गाको लालपूर्जाको प्रमाण पत्र ।
५. संचालन गरिने कार्यक्रमको प्रस्ताबना
६.सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिस पत्र ।
७. प्रस्ताबित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनमा सहयोग हुने अन्य केहि सर्पोट डकुमेन्ट भएमा सो समेत ।
८. अन्य कुराहरु प्राङ्गारिक कृषि प्रबद्धन मिसन कार्यक्रम कार्यान्वयन कार्यबिधि अनुसार हुनेछ ।

थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, लमजुङमा सम्पर्क गर्नु हुन अनुरोध छ । सम्पर्क नं. ०६६-५२०१३०/५२०१००